# बैठक आह्वानको अनुरोध

**श्री महासचिव ज्यू** मितिः २०८२ पुस ७ गते सोमबार

**प्रेस चौतारी नेपाल**

**केन्द्रीय समिति, काठमाडौँ ।**

पत्रकारिता क्षेत्रमा महिलाको उपस्थिति अत्यन्तै न्यून रहेको सर्वविदितै छ । पछिल्लो समयमा पत्रकारिता पेशाबाट पत्रकार महिलाहरू पलायन हुनुपर्ने अवस्था पनि विद्यमान छ । देशको राजनीतिक घटनाक्रमहरुले पनि पत्रकारहरु असुरक्षित अवस्थामा छन् । पेशागत र व्यक्तिगत असुरक्षाको अवस्थामा महिलाहरुले निकै संघर्ष गर्दै पत्रकारितामा अघि बढिरहेका छन् । अझ समाजमा स्थापित जातीय, वर्गीय र लैङ्गिक विभेदले पछाडि पारिएका क्षेत्रका समुदायको उपस्थिति अत्यन्तै न्यून छ ।

सामाजिक विभेदलाई चिरेर पत्रकारितामा आउन चाहने महिलाहरुलाई पेशागत रुपमा अघि बढ्न प्रोत्साहन गर्नुपर्ने पत्रकारका संगठनहरुको मुख्य दायित्व हो । तर, पत्रकारिताको नेतृत्वदायी जिम्मेवारीमा बसेका अगुवाबाट बेलाबेलामा सार्वजनिक हुने अभिव्यक्तिले आम पत्रकार महिलाहरू त्रसित र असुरक्षित हुनुपर्ने अवस्था छ ।

पछिल्लो समय हाम्रो गौरवशाली संगठन प्रेस चौतारी नेपालका केन्द्रीय अध्यक्ष गणेश पाण्डेले व्यक्त गर्नुभएको भनाइले तमाम महिलाहरूको आत्मामा चोट पुगेको मात्र होइन, मातृत्वप्रतिको भावनामा पनि कठोर प्रहार गरेको छ । सभ्य समाजमा महिलामाथि व्यक्त गरिने यस्ता खालका प्रहार कदापि सह्य हुँदैन । यस्तो लज्जास्पद अभिव्यक्तिका विषयमा उठेका आवाजलाई सम्बोधन गरि आत्मालोचना गर्नुको सट्टा संगठनका महिला सदस्यहरुलाई व्यक्तिगत सम्पर्क गरि धाक, धम्की दिने र जिम्मेवारीबाट मुक्त गर्छु, कारबाही गर्छु भन्ने जस्ता थप नैतिकहीन व्यवहार संगठनका अध्यक्षबाट आएकोप्रति हामीलाई थप संवेदनशील बनाएको छ ।

सार्वजनिक रुपमा सामाजिक सञ्जाल मार्फत कहिले एआइको प्रयोग भन्ने कहिले होइन मैले बोलेको भन्ने अध्यक्षको भनाइले झनै संगठनको गरिमामा समेत आँच पयाएको हामीले महसुस गरेका छौँ । सामाजिक सञ्जालमा उहाँले पटकपटक व्यक्त गर्नुभएका र मिति २०८२ पुस ४ गते लेख्नुभएको स्टाटसले उहाँले पार्टीका श्रद्धेय अध्यक्ष केपी शर्मा ओली र अन्य नेतालाई समेत मुछेर बदनाम गराउने प्रयत्न गरेको हामीले बुझेका छौं ।

आफूले बोलेको अभिव्यक्तिप्रति नैतिक रुपमा समेत कुनै पश्चाताप व्यक्त नगरी घुमाउरो पाराले धम्की दिने र आफूलाई चोख्याउने सो अभिव्यक्तिप्रति हाम्रो आपत्ति छ । त्यसैले यी सबै परिस्थितिको विश्लेषण गरि संगठनको आधिकारिक धारणा सार्वजनिक गर्नको साथै यस विषयमा आवश्यक निर्णय लिनको लागि तत्काल संगठनको बैठक आह्वान गर्नुहुन अनुरोध गर्दछौँ ।

१. कृपा भण्डारी, उपाध्यक्ष तथा महिला विभाग प्रमुख, प्रेस चौतारी नेपाल

२. प्रतिमा सिलवाल, बागमती प्रदेश इन्चार्ज, प्रेस चौतारी नेपाल

३. रेनु पराजुली, उपप्रमुख महिला विभाग, प्रेस चौतारी नेपाल

४. संगीता आचार्य, केन्द्रीय सदस्य तथा चितवन जिल्ला इन्चार्ज, प्रेस चौतारी नेपाल

५. सतिदेवी उप्रेती, केन्द्रीय सदस्य, प्रेस चौतारी नेपाल

६. मीना विश्वकर्मा, केन्द्रीय सदस्य, प्रेस चौतारी नेपाल

७. आरती ढकाल, लेखा आयोग सदस्य, प्रेस चौतारी नेपाल

८. देविका घर्तिमगर, निवर्तमान उपाध्यक्ष, प्रेस चौतारी नेपाल

९.टीका विष्ट, पूर्व उपाध्यक्ष, प्रेस चौतारी नेपाल

१०. चन्द्रकला भण्डारी, अम्बिका, पूर्व केन्द्रीय सदस्य प्रेस चौतारी नेपाल

११. रुपनी घर्ती पूर्व केन्द्रीय सदस्य प्रेस चौतारी नेपाल

१२. तारादेवी बस्नेत, उपाध्यक्ष बागमती प्रदेश समिति

१३.  ज्योति चौहान, उपाध्यक्ष, कोशी प्रदेश, प्रेस चौतारी नेपाल

१४. चीना थापा, अध्यक्ष, प्रेस चौतारी नेपाल, जिल्ला शाखा, मोरङ

१५. सविना लामिछाने, उपाध्यक्ष प्रेस चौतारी नेपाल, जिल्ला शाखा चितवन

१६ . रञ्जु दनुवार, उपाध्यक्ष, प्रेस चौतारी नेपाल, उदयपुर शाखा

१७. सुनिरा मैनाली, उपाध्यक्ष प्रेस चौतारी नेपाल, झापा शाखा

१८. प्रतिक्षा न्यौपाने, उपाध्यक्ष, प्रेस चौतारी नेपाल, मकवानपुर शाखा

१९. जुनु भट्टराई, उपाध्यक्ष, प्रेस चौतारी नेपाल, मोरङ शाखा

२०. लक्ष्मी खरेल, उपाध्यक्ष, प्रेस चौतारी नेपाल, पर्सा शाखा

२१. तुलसा घिमिरे, कार्यसमिति सदस्य, प्रेस चौतारी नेपाल, बारा शाखा

२२. सुशीला रेग्मी, कार्यसमिति सदस्य, प्रेस चौतारी नेपाल बारा शाखा

२३. करुणा कार्की, कार्यसमिति सदस्य, प्रेस चौतारी नेपाल, उदयपुर शाखा

तथा **प्रेस चौतारी आवद्ध पत्रकार महिलाहरु ।**